# ७. अवकाश कोष

**१. अवकाश कोष भनेको के हो ?**

*अवकाश कोष भनेको प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई अवकाश भुक्तानी ( जस्तैः- क.सं. कोष, नागरिक लगानी कोषबाट हुने भुक्तानी वा उपदान, निवृत्तिभरण रकम) प्रदान गर्ने प्रयोजनको लागि रकम (योगदान रकम समेत) स्वीकार गर्ने र सो रकम लगानी गर्ने उद्देश्यले स्थापना भएको निकाय /संस्था /कोष हो।*

**२. अवकाश कोषमा कसले योगदान गर्दछ ?**

*अवकाश कोषमा जोसुकै प्राकृतिक व्यक्तिले वा निजको तर्फबाट निजको रोजगारदाताले योगदान गर्दछ। रोजगारी आय नभएका स्वतन्त्र पेशा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिले पनि अवकाश योगदान गर्न सक्दछ।*

**३. अवकाश कोष कसले सञ्चालन गर्दछ ?**

*कुनै बासिन्दा व्यक्तिले तोकिएको शर्तहरुको आधारमा अवकाश कोष संचालन गर्न सक्दछ । यो कोष न्यास (Trust) को रुपमा संचालन हुने गर्दछ । रोजगारदाताबाट अवकाश योगदान स्वीकार गर्ने अवकाश कोषको व्यवस्थापन र संचालन रोजगारदाता भन्दा स्वतन्त्र रुपमा भएको हुनु पर्दछ । कोषको रकम भुक्तानी गर्दा (हिताधिकारी beneficiary लाई) ५८ वर्ष पुगेको वा सेवाबाट आवकाश प्राप्त गरेको कर्मचारी भएको वा स्थायी रुपले अपांग भएको वा मृत्यु भएको प्राकृतिक व्यक्तिको हकमा मात्र भुक्तानी गरिनु पर्दछ । अवकाश कोषको वार्षिक लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट स्वीकृति पाएको लेखापरीक्षकले मात्र गर्नु पर्दछ । अवकाश कोषमा जम्मा गरिएको वा प्राप्त हुने रकम स्वीकृत लगानी (आयकर नियमावली अनुसार) मा मात्र लगानी गर्नु पर्दछ । यस्तो कोषको चुक्ता पूँजी कम्तीमा रु. १ करोड हुनुपर्ने र beneficiary को संख्या कम्तीमा १ हजार हुनु पर्दछ।*

**४. अवकाश कोष सञ्चालन गर्न स्वीकृति लिनु पर्छ पर्दैन र अवकाश कोषको योगदानमा कर लाग्छ लाग्दैन ?**

*स्वीकृत अवकाश कोषमा जम्मा गरिने अवकाश योगदान रकममा कर लाग्दैन तर यस्तो कूल योगदान रकम वार्षिक तीन लाख रुपैयाँ वा निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म मात्र हुनु पर्दछ । यस्तो अवकाश योगदान रकम करयोग्य आयबाट घटाउन पाईन्छ । स्वीकृत नभएको वा स्वीकृति नलिएको अवकाश कोषमा अवकाश योगदान रकम जम्मा गर्दा अवकाश योगदान रकम करयोग्य आयबाट घटाउन पाईंदैन र कर लाग्दछ ।*

**५. अवकाश कोषमा जम्मा गरेको पैसा कसले र कहिले झिक्न पाइन्छ ?**

*स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम अवकाश प्राप्त गरेको कर्मचारीले वा ५८ वर्ष उमेर पुगेको beneficiary वा उसको आश्रित व्यक्तिले वा स्थायी रुपले अपांग भएको व्यक्ति वा मृत्यु भएको व्यक्तिको आश्रित व्यक्तिले झिक्न पाउँछ ।*

**६. अवकाश कोषबाट पैसा झिक्दा पैसा झिक्नेलाई कर लाग्छ लाग्दैन ?**

*स्वीकृत अवकाश कोषबाट हुने पटके भुक्तानी (जस्तै क.सं. कोषको रकम) मा भुक्तानी रकमको ५० प्रतिशत वा रु. ५ लाख जुन बढी हुन्छ सो रकम घटाई बाँकी रहने रकमलाई लाभ मानी यस्तो लाभमा ५ प्रतिशतका दरले कर लाग्दछ र यस्तो कर अन्तिम मानिन्छ । तर निवृत्तिभरण र यस्तै प्रकारको अन्य (वृत्तिको स्वरुपको) भुक्तानीका हकमा आयमा समावेश गरी कर तिर्नुपर्दछ । निवृत्तिभरण आयको हकमा शुरु स्लाबको २५ प्रतिशत रकम करयोग्य आयबाट घटाउन पाइन्छ । स्वीकृत नरहेको अवकाश कोषबाट हुने भुक्तानीको हकमा अवकाश योगदान रकममा कर लागी सकेको हुँदा, अवकाश भुक्तानी रकमबाट अवकाश योगदान रकम घटाई पूँजीगत लाभको गणना गर्ने र यस्तो लाभमा ५ प्रतिशतले कर लाग्दछ ।*

**७. अवकाश कोषको आयमा कर लाग्छ लाग्दैन ?**

*स्वीकृत अवकाश कोषको आयमा कर लाग्दैन तर स्वीकृत नभएका अवकाश कोषहरुले मान्यता नपाउने भएकोले अन्य निकाय झैं कर लाग्दछ ।*

**८. अवकाश कोषमा कति रकमसम्म योगदान गर्न सकिन्छ ?**

*स्वीकृत अवकाश कोषमा रु. ३ लाख वार्षिक वा कूल निर्धारणयोग्य आयको एक तिहाई रकममा जुन घटी हुन्छ, सो रकमसम्म अवकाश योगदान गरे (रोजगारदाताले थप्ने रकम समेत) करयोग्य आयबाट घटाउन पाइन्छ । यस्ता स्वीकृत अवकाश कोषहरु एकैपटक एकभन्दा बढी पनि हुन सक्दछन् । जस्तै क.सं. कोष र नागरिक लगानी कोष तथा बिभागले स्वीकृत दिएका अन्य अबकाश कोषमा अवकाश योगदान जम्मा गर्न पाईन्छ तर कूल अवकाश योगदान रकमले उपरोक्त तोकिएको सीमा नाघ्नु हुँदैन ।*

**९. एकपटक अवकाश कोषमा योगदान गरेपछि सधै योगदान गर्नुपर्छ कि पर्दैन ?**

*एकपटक अवकाश कोषमा योगदान गरेपछि संधै गर्नुपर्छ वा पर्दैन भन्ने कुराको करारोपणसंग सम्बन्ध छैन । योगदान स्वीकार गर्ने अवकाश कोष र योगदान गर्ने प्राकृतिक व्यक्ति बीचको करारमा यो कुरा भर पर्दछ ।*

**१०. अवकाश कोषमा गरिने योगदान समान हुनुपर्छ कि परिवर्तन गर्न सकिन्छ ?**

*अवकाश कोषमा गरिने योगदान समान रहे पनि वा परिवर्तन भए पनि तोकिएको वार्षिक सीमा ननाघेसम्म करयोग्य आयबाट घटाउन पाइन्छ ।*

**११. अवकाश कोषको रकम कहाँ कहाँ लगानी गर्न सकिन्छ ?**

*स्वीकृत अवकाश कोषले प्राप्त रकम वा जम्मा गरिएको रकम स्वीकृत लगानीमा मात्र लगानी गर्नुपर्दछ । स्वीकृत लगानी भन्नाले निम्न लगानी सम्झनु पर्दछ ।*

*(क) नागरिक लगानी कोषमा गरिएको लगानी,*

*(ख) सरकारी ऋणपत्रमा गरिएको लगानी,*

*(ग) बैंकमा गरिएको लगानी,*

*(घ) बैंकमा सहवित्तियकरणको आधारमा गरिएको लगानी, र*

*(ङ)   शेयरहोल्डर बाहेकका हिताधिकारी (beneficiary) लाई गरिएको लगानी ।*

**१२.   अवकाश कोषमा पैसा जम्मा गरेमा के फाइदा हुन्छ ?**

*स्वीकृत अवकाश कोषमा रकम जम्मा गरेमा करयोग्य आयबाट तोकिए अनुसार (निर्धारणयोग्य आएको एक तिहाई वा रु. ३ लाखमा जुन घटी हुन्छ सो रकम सम्म) घटाउन पाईन्छ अर्थात् कर दायित्व घट्न जान्छ ।*

**१३.   अबकाश कोषबाट रकम झिक्दा (भुक्तानी पाउँदा) कति प्रतिशत कर लाग्दछ ?**

*अबकाश कोषबाट रकम झिक्दा (भुक्तानी पाउँदा) पाँच प्रतिशतका दरले कर लाग्दछ ।*